सुनकोशी गाँउपालिका

# स्थानीय राजपत्र

सुनकोशी गाउँपालिका, रामटार सिन्धुलीद्वारा प्रकाशित

खण्ड ३, संख्या १३

फाल्गुण २० गते २०७६ साल


## भाग २

नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) को अधिकार बमोजिम सुनकोशी गाउँपालिकाद्धारा बनाईएको कार्यविधि, ऐनको १०२ (३) बमोजिम सर्वसाधारणको जानकारीको लागी प्रकाशन गरिएको छ।

# सुनकोशी गाउँपालिकाको व्यवसाय दर्ता तथा नवीकरण कार्यविधि, २०७६

**प्रस्तावना :**

सुनकोशी गाउँपालिका क्षेत्र भित्र सञ्चालित एवं सञ्चालन हुने विभिन्न व्यसायिक गतिविधिलाई कानूनी दायरामा ल्याँउन, व्यवसाय सञ्चालन मार्फत् गाउँपालिकाको आन्तरिक आम्दानीलाई समेत् टेवा पऱ्याउँन, स्वच्छ, मर्यादित र प्रतिपर्धात्मक वजारको प्रर्वद्धन मार्फत उपभोक्ताको हित संरक्षण गर्न, स्थानीय र आम व्यवसायीहरु वीच सुमधुर सम्वन्ध स्थापित गर्दै साझेदारीमा आधारित विकासलाई अगाडि वढाँउन वाञ्छनीय भएको हुँदा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को दफा (११) को उपदफा (२) को (ञ) को (६) मा भएको व्यवस्था अनुसार सुनकोशी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयले यो कार्यविधि जारी गरेको छ।

गाउँ कार्यपालिकाबाट स्विकृत मिति : २०७६/११/१९

प्रमाणीकरण मिति : २०७६/११/१९

## परिच्छेद–१
## प्रारम्भिक

**१ संक्षिप्त नाम र प्रारम्भ :**

१. यो कार्यविधिको नाम "**सुनकोशी गाउँपालिकाको व्यवसाय तथा नवीकरण कार्यविधि २०७६**" रहेको छ।

२. यो कार्यविधि तुरुन्त लागू हुनेछ।

**२ परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) कार्यालय भन्नाले सुनकोशी गाउँकार्यपालिकाको कार्यालय, सिन्धुली सम्झनुपर्नेछ।

(ख) शाखा भन्नाले सुनकोशी गाउँपालिकामा रहेका सम्वन्धित विषयगत शाखा सम्झनुपर्नेछ।

(ग) वडा कार्यालय भन्नाले सुनकोशी गाउँपालिका अन्तर्गतका ७ वटै वडा कार्यालयहरु सम्झनुपर्नेछ।

(घ) अध्यक्ष भन्नाले सुनकोशी गाउँपालिकाको अध्यक्ष सम्झनुपर्नेछ।

(ङ) उपाध्यक्ष भन्नाले सुनकोशी गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्नेछ।

(च) कार्यपालिका सदस्य भन्नाले यस सुनकोशी गाउँपालिकाका सदस्यहरुलाई सम्झनुपर्नेछ।

(छ) प्रमुख प्रशासकीय अधिकृत भन्नाले सुनकोशी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्नेछ।

(ज) वडा समिति भन्नाले यस सुनकोशी गाउँपालिकाको ७ वटै वडा समितिहरु सम्झनुपर्नेछ।

(झ) व्यवसायी भन्नाले यस सुनकोशी गाउँपालिका भित्रका सम्वन्धित व्यवसायी व्यक्ति वा संस्था सम्झनुपर्ने छ।

(ञ) कार्यविधि भन्नाले व्यवसाय दर्ता तथा नवीकरण सम्वन्धी कार्यविधि २०७६ सम्झनुपर्नेछ।

३ क्षेत्र : यस कार्यविधिले सुनकोशी गाउँपालिका क्षेत्र भित्रका सवै व्यवसायहरुलाई समेट्ने छ।

४ विषयगत क्षेत्र : विषयगत क्षेत्र अन्तर्गत करको दायरा भित्र देहायका क्षेत्रहरु पर्ने छन् :

क दैनिक उपभोग्य सामाग्रीहरु खाद्यन्न थोक तथा खुद्रा पसल

ख होटल व्यवसाय

ग पशुपालन फर्म

घ नर्सरी

ङ उद्योग

च कृषि फर्म

छ औषधी पसल

ज पर्यटन

झ व्यूटीपार्लर

ञ सटिङ, सुटिङ टेलरिङ समेत्

## परिच्छेद–२

## प्राइभेट फर्म सम्वन्धी व्यवस्था :

५) **प्राइभेट फर्म खोल्न दर्ता गराउँनु पर्ने** : (१) व्यापार व्यवसाय सञ्चालन गर्न चाहने व्यक्ति वा व्यक्तिहरुले यस कार्यविधि वमोजिम दर्ता गर्ने निकायमा प्राइभेटफर्म दर्ता गराउनु पर्नेछ। दर्ता नगराई कसैले प्राइभेट फर्म खोल्न पाइने छैन।

यो कार्यविधि प्रारम्भ हुनु भन्दा अघि अन्यत्र प्रचलित कानून वमोजिम दर्ता भई सञ्चालनमा रहेका प्राइभेट फर्म यसै कार्यविधि वमोजिम दर्ता भएको मानिनेछ।

त्यस्तो प्राइभेट फर्मले यो कार्यविधि प्रारम्भ भएको मितिले एक वर्ष भित्र दर्ता गर्ने निकायमा अभिलेखीकरण गराउँनु पर्नेछ।

२) **सूचना प्रकाशन गरिने** :

क) व्यवसाय दर्ताको लागि स्थानीय सञ्चार माध्यमबाट सुचना प्रकाशन गरिने छ।

ख) सूचनाको नमूना अनुसूची ७ वमोजिम हुने छ।

ग) तोकिएको समय भित्र व्यवसाय दर्ता गर्नु पर्नेछ।

६) प्राइभेट फर्म दर्ता गर्न दरखास्त दिनु पर्नेछ :

(१) व्यवसाय दर्ताका लागि व्यवसायीले देहायका कागजातहरु सहित अनुसूची १ वमोजिमको ढाँचामा गाउँपालिकाको कार्यालयमा निवेदन पेश गर्नु पर्ने छ।

१ नेपाली नागरिकताको प्रतिलिपि

२ सर्जमिन मुचूल्का (पूर्व, पश्चिम, उत्तर र दक्षिण) चार किलाको

३ जग्गाधनीको लालपूर्जा आफ्नो नाममा नभए जग्गावालको मञ्जूरीनामा र निजको नागरिकताको प्रतिलिपि

४ वडा कार्यालयको सिफारिश पत्र

५ हालसालै खिचेको पासपोर्ट साइजको तीन प्रति फोटो

६ रु १०।-को टिकट

७ विषयगत कार्यालय, विभाग वा निकायको सिफारिश वा स्वीकृति वा अनुमति-पत्र

८ साझेदारहरुले आपसमा गरेको साझेदारी कवूलियत नामा

९ दर्ता गर्ने निकायले तोकेको वा माग गरिएका अन्य आवश्यक कागजात

१० निवेदन दस्तुर वापत रु १००।-वुझाएको रसिद

११ दूरी प्रमाणित, ब्लुप्रिन्ट नक्सा वनजन्य उद्योगका हकमा मात्र

१२ दफा ४ र सो सँग सम्वन्धित फर्ममा उल्लेखित सुनकोशी गाउँपालिका वा अन्यत्र दर्ता भई यस कार्यालयमा सूचिकृत भएका व्यवसायीले प्रमाण पत्रको प्रतिलिपि, नाम संशोधन, ठाउँसारी, पूँजीवृद्धि समेतको लागि निवेदन दिएमा प्रचलित कानूनको अधिनमा रही प्रति प्रतिलिपिको रु ३००। लिइ संशोधन गरी संशोधित प्रमाण पत्रको प्रति फर्म दर्ता गर्ने निकायले उपलब्ध गराउन सक्नेछ।

१३ यस कार्यालयभन्दा अन्य निकायमा उद्योग/व्यापार/व्यवसाय दर्ता गरी सुचिकृतका लागि निवेदन दिएमा सम्बन्धित स्थानीय तहले तोकेको राजस्व लिई सुचिकृत (आबद्धता)को प्रमाण पत्र दिन सकिनेछ।

**सुचिकृतका लागि आवस्यक कागजात**

- नेपाली नागरिकताको प्रतिलिपि
- उद्योग/व्यापार/व्यवसाय दर्ता प्रमाण पत्र र सोहि कार्यालयको दर्ता गर्दा जारी गरेको पत्रको प्रतिलिपि
- स्थायी लेखा नं. को प्रतिलिपि
- पासपोर्ट साइजको फोटो ३ प्रति

२) उपदफा (१) वमोजिम दरखास्त दर्ता भए पछि दर्ता गर्ने निकायले छानविन गर्दा यस कार्यविधि वमोजिमको प्रक्रिया पूरा गरेको देखिएमा अनुसूची २ वमोजिमको दस्तुर लिई प्राइभेट फर्म दर्ता गरी प्रक्रिया पुगेको पन्ध्र दिन भित्र अनुसूची ३ वमोजिमको ढाँचामा दर्ता प्रमाण पत्र दिनु पर्नेछ।

७)**प्रमाण पत्र सम्वन्धी व्यवस्था** : १) दफा ६ मा उल्लेखित कागजातहरु प्राप्त भई सके पश्चात् तोकिएको दस्तुर लिई कार्यालयले अनुसूची ३ वमोजिमको ढाँचामा व्यवसाय दर्ताको प्रमाण पत्र दिनेछ।

८)**प्राइभेट फर्मको अवधि र नवीकरण** : यस कार्यविधि वमोजिम दर्ता भएका प्राइभेट फर्मको अवधि पाँच वर्षको हुनेछ र अवधि सकिए पछि सम्वन्धित निकायमा नवीकरण गराउँनु पर्नेछ।नवीकरणको अवधि दुई वर्षको हुनेछ र दुई वर्षपछि पुनःनवीकरण गराउँनु पर्नेछ।

प्राइभेट फर्म नवीकरण गराउँन चाहने प्राइभेट फर्मको धनीले देहाका कागजात संलग्न गरी दर्ता गर्ने निकायमा दरखास्त दिनु पर्नेछ :

क) आयकर (स्थायी लेखा नम्वर)

ख) दर्ता प्रमाण पत्रको प्रतिलिपि

ग) अघिल्लो आर्थिक वर्षको कर तिरेको निस्सा र

७) प्राइभेट फर्मलाई साझेदार साझेदार फर्मलाई प्राइभेट कायम गर्दा दर्ता सरहको शुल्क लाग्नेछ

८) **फर्मको उद्देश्य, नामसारी/नाम संसोधन, ठाउँसारी, पूँजीवृद्धि लगायतका फर्मको विवरण हेरफेर गर्नु परेमा स्वीकृत लिनु पर्ने** : (१) दफा ६ को उपदफा (१) वमोजिम दर्ता गर्ने निकाय समक्ष दिएको विवरणमा कुनै हेरफेर गर्नु परेमा सम्वन्धित प्राइभेट/साझेदारी फर्मले दर्ता गर्ने निकाय समक्ष दरखास्त दिनु पर्नेछ र दर्ता गर्ने निकायवाट स्वीकृत प्राप्त भए पछि मात्र फर्मवालाले साविकमा दर्ता भई सञ्चालनमा रहेका उल्लिखित फर्मको कारोवारको विवरणमा हेरफेर गर्न सक्नेछ।

९) **प्राइभेट फर्म र साझेदारी फर्म दर्ता गर्न नपाइने** :

प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ र साझेदारी ऐन २०२० वमोजिम उद्योग दर्ता तथा नवीकरण गर्दा पूँजीको आधारमा देहाय वमोजिमको दर्ता दस्तुर राजश्व खातामा दाखिला गर्नु पर्नेछ। पहिले प्राइभेट फर्मको रुपम दर्ता भएको फर्म साझेदारी फर्मको रुपमा वा पहिले साझेदारी फर्मको रुपम दर्ता भएको फर्म प्राइभेट फर्मको रुपमा दर्ता परिवर्तन गर्नु पर्ने भएमा कूल पूँजी लगानीको आधारमा नयाँ फर्म दर्ता दस्चतुर सरह पूरै राजश्व लाग्नेछ। खारेज भएको मितिले एक वर्ष सम्म फर्म खारेज भएको फर्मको धनीको वा साझेदारको नाममा सोही उद्देश्यवाट अर्को फर्म दर्ता गरिनेछैन ।

१०) **फर्म र उद्योग खारेजीको प्रकृया** : यो कार्यविधि वा प्रचलित कानून वमोजिम दर्ता भएका फर्म वा उद्योग/व्यवसाय तोकिए वमोजिम नवीरण नगराएमा,(कम्पनी ऐन अन्तर्गत दर्ता भएका वाहेक)दर्ता गर्ने निकायले माग गरेको विवरण पेश नगरेमा,कुनै करा ढाँटी उद्योग/व्यापार व्यवसाय दर्ता गरेको ठहरिएमा,अनुमती वा दर्ताका शर्तहरु पालना नगरेमा र दर्ता गर्ने निकायलाई जानकारी नदिई उद्योग/व्यापार व्यवसाय वन्द गरेमा त्यस्तो उद्योग/व्यापार व्यवसायलाई खारेज गर्न सकिने हुँदा खारेज गर्नु पूर्व सम्वन्धित कार्यालयले आवश्यक राय र पुष्ट्याई सहित खारेजी सम्वन्धी नियर्णको लागि माथिल्लो निकायमा लेखि पठाउँनु पर्नेछ।तर लगातार पाँच वर्ष सम्म उद्योग/व्यापार व्यवसाय नवीकरण नगराएमा कानून वमोजिम उक्त फर्म खारेज हुनेछ।

११) **व्यवसाय दर्ता तथा नवीकरण शुःल्क र पुनरावलोकन सम्वन्धी व्यवस्था** : १) व्यवसाय दर्ता/नवीकरण सम्वन्धी शुल्क दस्तुर राजश्व परामर्श समितिको सिफारिशमा गाउँकार्यपालिकाले निर्धारण गरे वमोजिम हुनेछ।

२) उपदफा १ ले व्यवस्था नगरेको अवस्थामा शुल्क दस्तुर तथा राजश्व अनुसूची २ मा उल्लेख भए वमोजिमको व्यवसाय दर्ता शुल्क/दस्तुर लाग्ने छ।

३) आर्थिक वर्षको समाप्ति पछि व्यवसाय नवीकरण तथा दर्ता शुल्कमा गाउँपालिकाले पुनरावलोकन गर्न सक्नेछ।

४) उपदफा(३)वमोजिम पुनरावलोकन गरिएको व्यवसाय दर्ता/नवीकरण शुल्क सम्वन्धी जानकारी स्थानीय सञ्चार माध्यम वा अन्य कुनै माध्यमवाट सार्वजनिक गरिनेछ।

## परिच्छेद ३
## अनुगमन तथा कारवाही

१२) **मूल्यसूची सम्वन्धी व्यवस्था** :सम्पूर्ण व्यवसायीहरुले अनिवार्य रुपमा उपभोक्ताहरुले देख्ने गरी मूल्य सूची राख्नु पर्नेछ।

१३) **वजार अनुगमन सम्वन्धी व्यवस्था**: १) यस गाउँपालिका भित्र सञ्चालन भएका व्यापार व्यवसायलाई स्वस्थ,व्यवस्थित वनाउँन नियमित अनुगमन गरिनेछ।वजार अनुगमन सम्वन्धी अन्य व्यवस्था सुनकोशी गाउँपालिका वजार अनुगमन निर्देशिका वमोजिम हुनेछ।

१४) **दर्ता खारेजी र व्यवसाय वन्द सम्वन्धी व्यवस्था** : सुनकोशी गाउँपालिका वजार अनुगमन निर्देशिका मा भएको व्यवस्था वमोजिम प्रतिकूल कार्य गरेमा व्यवसायको दर्ता खारेजी वा व्यवसाय वन्द गरिनेछ।

क) तोकिएको समय भित्र व्यवसाय दर्ता तथा नवीकरण नगरेमा
ख) निषेध गरिएका सामाग्रीहरु वेचविखन गरेमा
ग) कालो वजारी गरेमा
घ) गुणस्तरहीन सामाग्रीहरु वेचविखन गरेमा
ङ) म्याद नाघेका सामाग्रीहरु वेचविखन गरेमा
च) चर्को मूल्यमा सामाग्रीहरु वेचविखन गरेमा
छ) प्रदूषित फोहर सामाग्रीहरु वेचविखन गरेमा
ज) राज्यद्धारा निषेध गरिएका जुवातास लगायतका क्रियाकलाप सञ्चालन गरेमा
झ) स्थानीय सरकारद्धारा आवाधिक रुपमा सञ्चालन गरिने विषयगत क्रियाकलापको खिलापमा गएमा।

**१५) कारवाही र जरिवाना सम्वन्धी व्यवस्था :**

१) वजार अनुगमनको क्रममाःदेहायको अवस्था भेटिन गएमा देहाय वमोजिमको जरिवाना गरिनेछ।

| **विवरणः** | **जरिवाना** |
| --- | --- |
| क) मूल्यसूची नराखेमा | रु १,०००। |
| ख) प्रमाण पत्र नराखेमा | रु २,०००। |
| ग) तोकिएको समय भित्र व्यवसाय दर्ता तथा नवीकरण नगरेमा | रु ५,०००। |
| घ) गुणस्तरहीनसामाग्रीहरुवेचविखन गरेमा | रु १००००। |
| ङ) म्याद नाघेका सामाग्रीहरु वेचविखन गरेमा | रु १००००। |
| च) चर्को मूल्यमा सामाग्रीहरु वेचविखन गरेमा | रु १००००। |
| छ) प्रदूषित फोहोर सामाग्रीहरु वेचविखन गरेमा | रु ५००० |

२) उपदफा (१) वमोजिम जरिवाना गरिसके पछि पनि कुनै व्यवसायीले आफनो कमजोरी सुधार नगरेको पाइएमा त्यस्ता व्यवसायीलाई सोही कसूरमा दोव्वर जरिवाना लाग्नेछ।

३) माथि उल्लेख गरिएका जरिवाना गर्दा पनि पटक पटक सोही कार्य दो-यामा वजार अनुगमन समितिले निर्णय गरी निजको जरिवाना एकीन गर्न सक्नेछ।

## परिच्छेद ४
## विविध

**१६) वाधा अड्काउ सम्वन्धी व्यवस्था :**

१) यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी वनाउँन गाउँकार्यपालिकाले आवश्यक्तानुसार थपघट हेरफेर वा संसोधन गर्न सक्नेछ।

२) यस कार्यविधिको कार्यान्वयनमा कुनै वाधा अवरोध वा अस्पष्टता भएमा त्यस्तो वाधा अवरोध हटाउँन गाउँपालिकाले आवश्यक्तानुसार कार्यविधिमा थपघट गर्न सक्नेछ।

**१७) विशेष व्यवस्थाः**

१) माथि अन्यत्र जुनसुकै कुरा उल्लेख गरिएको भएता पनि अर्को कानून निर्माण गरी कार्यविधि खारेज नगरेसम्म यो कार्यविधिमा भएको व्यवस्था पूर्ण रुपमा कार्यान्वयन हुनेछ।

२) यो कार्यविधिको अख्तियारका अधीनमा रही उद्योग/व्यापार व्यवसायी फर्मको दर्ता, नवीकरण लगायतको कार्य गरिने र यसमा उल्लेख नभएका वा हुन नसकेका अन्य कुराका हकमा प्रचलित कानून वमोजिम हुनेछ।

## अनुसूची १

## दफा ६ को उपदफा (१) सँग सम्वन्धित

## प्राइभेट फर्म दर्ता दरखास्तको ढाँचा

श्री ...........................................................................................

महोदय,तल लेखिए वमोजिम उद्योग व्यापार व्यवसाय गर्न निम्न लिखित नामको प्राइभेट/साझेदारी फर्म मेरो/हाम्रो नाममा दर्ता गराउँन इच्छुक भएको हुँदा यो निवेदन पत्र पेश गरेको छु/छौं लेखिएको व्यहोरा झुट्ठा ठहरे प्रचलित नेपाल कानून वमोजिम सहुँला वुझाउँला ,

१ फर्मको पूरा नाम ः

२ प्रोपाइटरको नाम ः

३ फर्मको पूरा ठेगाना ः

४ उद्देश्य ः

५ पूँजी ः

६ स्थिर ः

७ चालू ः

८ कारोवारको विवरण ः

९ प्राइभेट फर्मको धनी वा साझेदारहरुको तीन पुस्ते नाम,थर,वतन र हिस्सा अंक यो फर्मको हानी नोक्सानी भएमा घर घरनावाट व्यहोर्न राजी हुने ः

दरखास्तवाला (दरखास्तवालाहरु)को लेखात्मक र रेखात्मक दुवै औंठाको सहिछाप ः

शर्तहरु पालना वारे ः

साँधसधियार र छरछिमेकलाई वाधानपुर्याई उद्योग/व्यापार व्यवसाय सञ्चालन वातावरणमा प्रदूषण हुन दिनेछैन,कार्यालयले माग गरेको विवरण समयमै उपलव्ध गराउँनेछु,फर्म दर्ता गर्दा किटान गरिएकै स्थानमा उद्योग/व्यापार व्यवसाय सञ्चालन गर्नेछु,दर्ता गर्दाको उद्देश्य विपरीत काम गर्नेछैन,अन्यनिकायबाट समेत अनुमती लिनु पर्ने भए सो समेत् लिएर मात्र फर्म सञ्चालन गर्नेछु अनुमती पत्रमा उल्लेख भएका शर्तहरु पालना गर्नेछु ।

लेखात्मक सही ः

नाम

ठेगाना ः

सम्पर्क नं                                        दायाँ        वायाँ

इति सम्वत २०७... साल.....गते...रोज शुभम्

## अनुसूची २

**(दफा ६ को उपदफा (२) सँग सम्वन्धित)**

## प्राइभेट फर्म दर्ता र नवीकरण दस्तुर

| सि.नं | कूल पूँजी | राजश्व | दस्तुर नवीकरण | कैफियत |
|---|---|---|---|---|
| १ | एक लाख रुपैयाँ सम्म | १,०००। | ६००। | |
| २ | एक लाख रुपैयाँ भन्दा वढी तीन लाख रुपैयाँसम्म | ३,०००। | १,०००। | |
| ३ | तीन लाख रुपैयाँभन्दा वढी पाँचलाख रुपैयाँसम्म | ६,०००। | १,६००। | |

**अनुसूची ३**
**दफा ४ सँग सम्वन्धित**

**सुनकोशी गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय**
**रामटार, सिन्धुली**
**वागमती प्रदेश, नेपाल**
**उद्योग/व्यवसाय दर्ता प्रमाण-पत्र**

दर्ता नं मिति :

उद्योग/व्यवसायको नाम :श्री..........................................................................
सम्वत् २०७.......साल...........महिना........गते........रोज........मा उद्योग/व्यवसाय निम्न लेखिएको विवरण भएको प्राइभेट/साझेदारी फर्म मिति २०७६............मा सुनकोशी गाउँपालिकाको व्यवसाय दर्ता तथा नवीकरण सम्वन्धी कार्यविधि २०७६ वमोजिम दर्ता गरी यो प्रमाण-पत्र दिएको छ

विवरण :

फर्मको ठेगाना : सुनकोशी गाउँपालिका .............वडा नं ...स्थापना/सञ्चालन हुने स्थान..................कित्ता.....................नं

धनी(प्रोपाइटर/साझेदारको

नाम थर :

ठेगाना/वतन :

उद्योग/व्यवसायको ठेगाना :

कारोवारको उद्देश्य :

पूँजी :

स्थिर पूँजी.................चालू पूँजी ...................कूल पूँजी ...............

विधुत शक्ति

वार्षिक उत्पादन परिमाण क्षमता अनुमानित रकम रु ................

प्रमाण-पत्र जारी गर्ने अधिकारी

सही :
नाम :
पद :
मिति :

*नोट : रजिष्ट्रेशन भएको फर्मको अवधि ५वर्षको हुनेछ । अवधि समाप्त हुनु भन्दा अगाडि अनिवार्य रुपमा नवीकरण गराई सक्नु पर्नेछ । यो प्रमाण-पत्रमा लेखिएको उद्देश्य वाहेकको काम गर्ने छैन । नवीकरण गराउँन आउँदा यो प्रमाण पत्र साथै लिई आउँनेछु । यही प्रमाण-पत्रमा सम्वन्धित कार्यालयवाट नवीकरण भएको निशा पाउँनेछ । म्याद भित्र नवीकरण नभएमा उद्योग/व्यापार व्यवसाय खारेज हुन सक्नेछ । यो फर्मको उद्देश्य कार्यान्वयन गर्न कुर्न निकायबाट अनुमति लिनु पर्ने भए लिएर मात्र उद्योग/व्यापार व्यवसाय सञ्चालन गर्नु पर्नेछ । यही उद्देश्य र यही नाममा यो भन्दा वाहेक अन्यत्र अर्को फर्म दर्ता गरी सञ्चालन गरेको छैन ।*

**सुनकोशी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय, रामटार, सिन्धुली**

**वागमती प्रदेश, नेपाल**

# नवीकरणको विवरण

**फर्मको नाम**

| मिति | नवीकरणको अवधि | वुझाएको दस्तुर रु | भौचर नं.र मिति | दस्तखत | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

यो प्रमाण-पत्र प्राप्त गर्नेले आफूले उत्पादन गरेको फोहरमैला व्यवस्थापन नगरी जथाभावी फालेमा फोहरमैला व्यवस्थापनमा लाग्ने रकम र दुई लाख सम्म जरिवाना तिर्नु पर्ने छ।

## अनुसूची ४

## प्राइभेट फर्म नवीकरण दस्तुर र जरिवाना

| १ | पूँजी | पैतीस दिन भित्र | एक वर्ष सम्म | एक वर्ष नाघे पछि | |
|---|---|---|---|---|---|
| | | | | दस्तुर | थप जरिवाना रु |
| २ | एक लाख रुपैयाँ सम्म | ६००। | १८००। | १८००। | ६००। प्रति वर्ष |
| ३ | एक लाख रुपैयाँ भन्दा वढी तीन लाख रुपैयाँ सम्म | १,०००। | ३०००। | ३०००। | १०००। प्रति वर्ष |
| ४ | तीन लाख रुपैयाँ भन्दा वढी पाँचलाख रुपैयाँ सम्म | १६००। | ४,८००। | ४,८००। | १,६००। प्रति वर्ष |

## अनुसूची ५

## साझेदारी फर्म नवीकरण दस्तुर

| १ | पूँजी | फर्म नवीकरण दस्तुर | | |
|---|---|---|---|---|
| | | पैतीस दिन भित्र | एक वर्ष भित्र | |
| २ | एक लाख रुपैयाँ सम्म | १५०। | ६००। | |
| ३ | एक लाख रुपैयाँ भन्दा वढी तीन लाख रुपैयाँ सम्म | २००। | ८००। | |
| ४ | तीन लाख रुपैयाँ भन्दा वढी पाँचलाख रुपैयाँ सम्म | ३५०। | १४००। | |

## अनुसूची ६

## प्राइभेट/साझेदारी फर्म दर्ता गर्ने निकाय

| सि.नं. | पूँजी | दर्ता गर्ने निकाय | कैफियत |
|---|---|---|---|
| १ | पाँच लाख रुपैयाँसम्म | गाउँपालिका | |

**अनुसूची–७**
**दफा (३)को उपदफा (१) सँग सम्वन्धित**
**सुनकोशी गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय रामटार, सिन्धुली**
**वागमती प्रदेश,नेपाल**
**व्यवसाय दर्ता सम्वन्धी सूचना**

यस सुनकोशी गाउँपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका व्यवसायहरु सुनकोशी गाउँपालिकाको व्यवसाय दर्ता तथा नवीकरण सम्वन्धी कार्यविधि २०७६ को परिच्छेद २ को दफा (५) को उपदफा २ वमोजिम सम्पूर्ण व्यवसायीको व्यवसाय दर्ता गर्नु पर्ने भएको हुँदा तोकिए वमोजिमका कागजात संलग्न राखी गाउँपालिकाको कार्यालयमा सम्पर्क गर्नु हुन यो सूचना प्रकाशित गरिएकोछ, तोकिएको समय भित्र व्यवसाय दर्ता तथा नवीकरण नगराई फर्म सञ्चालन गरेको पाइएमा नियमानुसार कारवाही भई जाने व्यहोरा समेत् सम्वन्धित सवैमा जानकारी गराइन्छ।

.......................
आज्ञाले,
विकास सुन्दास
प्रमुख प्रशासकिय अधिकृत